स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कल्ट क्लासिक फिल्म मुगलानुको शीर्षकमा फेरि एकपटक फिल्म निर्माण भएको छ। फिल्मको आगामी पुष १० गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ। यो मितिमा अभिनेता प्रदीप खड्का अभिनीत फिल्म एक्लो पनि प्रदर्शन हुने चर्चा छ। यद्यपि, यसको प्रदर्शन मिति घोषणा भइसकेको छैन।

**आजको विचार...**



शक्ति ...
(दुई पेजमा)

इन्द्रकुमार श्रेष्ठ

फ्लाइ नेपा ट्राभल्सले आयोजना गरेको अब सुन्छ अमेरिका विवादित बनेको छ । कार्यक्रममा सहभागी हुन अमेरिका पुगेका कलाकारले एकपछि अर्को गरि कलाकारप्रति आयोजकको व्यवहारलाई लिएर आपत्ति जनाएका छन् । उक्त सांगीतिक भ्रमणको लागि अमेरिका पुगेकी गायिका कला लम्साल बीचमै फर्किएकी थिइन् । बिरामी भएर उपचार गराउनुपर्ने ठाउँमा आयोजकले सामान्य मानवीय प्रवृति पनि नदेखाएको भन्दै लम्साललले त्यतिबेला फेसबुकमार्फत विरोध गरेकी थिइन् ।



❒ वर्ष ३१ अंक १०१ ❒ २०८२ कात्तिक २२ गते शनिबार 8 November 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू

**संक्षिप्त समाचार**

## घरटहरा हटाउन आग्रह

**गुल्मी,** कात्तिक २१/ यहाँस्थित रुरुक्षेत्र गाउँपालिकाले सडक स्तरोन्नति सहज र प्रभावकारी बनाउन सडक मापदण्डभित्र पर्ने घरटहरा तथा संरचना हटाउन सम्बन्धित बासिन्दालाई अनुरोध गरेको छ ।

मदन भण्डारी राजमार्ग योजना कार्यालयले सडक मापदण्डभित्र पर्ने घरटहरा, पसल र अन्य संरचनाहरुले सडक निर्माणमा अवरोध पुऱ्याइरहेकाले गाउँपालिकालाई समयमै उक्त संरचना हटाइदिन पत्राचार गरेको थियो । सोही पत्राचारलाई आधार मान्दै रुरुक्षेत्र गाउँपालिका- १ को रिडीबजार, वडा नं ३ को पानीट्यांकी क्षेत्र तथा वडा नं ४ अन्तर्गत आमपोखरा र बलेटक्सार बजार क्षेत्रमा सडकको मापदण्डभित्र पर्ने घरटहरालगायतका संरचना हटाउन सूचना जारी गरिएको गाउँपालिकाले जनाएको छ । निर्माणमा ढिलाइ हुँदा क्षतिपूर्ति उपलब्ध गराउने काममासमेत ढिलाइ हुनसक्ने जनाउँदै उक्त कार्यमा सहयोग गर्न स्थानीयलाई आग्रह गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए । २०७९ फागुन २६ मा समानान्तर एलाइटजेभी काठमाडौंमार्फत रु एक अर्ब ५० करोडको लागतमा सडक स्तरोन्नति गरिरहेको छ ।

# एमाले पाल्पाले जनप्रदर्शन गर्दै, सडकमा १० हजार कार्यकर्ता उतार्ने

**हाम्रा संवाददाता**

**पाल्पा,** कात्तिक २१/ नेकपा एमाले पाल्पाले जनप्रदर्शन गर्ने भएको छ । संविधानको रक्षार्थ जिल्लाभर छुट्टाछुट्टै भेला गरी उसले जनप्रदर्शन गर्ने जनाएको । शुक्रबार तानसेनमा बसेको पार्टी सचिवालय बैठकले ८१ वडा, १० पालिका र जिल्ला सदरमुकाम तानसेनमा छुट्टाछुट्टै जनप्रदर्शन गर्ने निर्णय गरेको हो ।

वडा र पालिका कमिटीले भेला तथा प्रदर्शन गर्नेछन् । जिल्ला पार्टीले भने जनप्रदर्शन गर्ने निर्णय गरेको अध्यक्ष ओमबहादुर घर्तिमगरले बताए । शनिबार (आज) वडा-वडामा भेला तथा जनसभा हुँदै छ भने २४ गते सबै पालिकामा जनसभा तथा भेला र २९ गते तानसेनमा बृहत जनप्रदर्शन हुने उनले बताए । जनसभामा करिब १० हजार नेता तथा कार्यकर्ता उपस्थित हुने गरी तयारी थालिएको अध्यक्ष मगरले बताए । उनका अनुसार शान्तिपूर्ण रुपमा जनप्रदर्शन सम्पन्न हुनेछ । बैठकमा प्रमुख अतिथि नेकपा एमाले केन्द्रीय पोलिटब्यूरो सदस्य तथा पाल्पा इन्चार्ज ठाकुर गैरेले संविधानको रक्षार्थ जनप्रदर्शन गर्न लागिएको बताए । यसअघि पालिका कमिटी र जनसंगठनले दिएका सुझाव केन्द्रीय कमिटी बैठकमा जानकारी गराएको भन्दै उनले पार्टीले स्थानीय स्तरबाट नै प्राप्त भएका सुझावका आधारमा जनताको पक्षमा काम गर्ने योजना बनाइरहेको बताए । नेता गैरेले वडा, पालिका र जिल्लामा गरिने बृहत भेला तथा जनप्रदर्शनलाई प्रभावकारी बनाउन निर्देशन दिए । उनले जेनजी आन्दोलनलाई समर्थन गर्दै भने '२३ गतेसम्म उनीहरूले गरेको आन्दोलन ठीक थियो । २४ गतेको आन्दोलन भने गलत मनसायले भएको छ । ठूलो मात्रामा जनधनको क्षति भएको छ । यो दुखद् हो । यसको निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्नुपर्छ ।' प्रतिनिधिसभा विघटन गर्नु पनि गलत भएको उनले जिकिर गरे । अहिलेको सरकार अवैधानिक रुपमा बनेको पनि उनले आरोप लगाए । प्रधानमन्त्री सुशीला कार्कीलाई वैधानिक दिन प्रतिनिधिसभा पुनर्स्थापना गर्नुको विकल्प नभएको नेता गैरेको जिकिर छ । उनले भने 'पूर्वप्रधानन्यायाधीश प्रधानमन्त्री बन्न मिल्दैन् । जेनजीको जायज माग पूरा गर्न र संविधान संशोधन गर्न पनि संसद ब्युताउँनु पर्ने छ ।'कुनै पनि पूर्वप्रधानमन्त्रीले अब फेरि प्रधानमन्त्रीको दाबी नगर्ने शर्तमा प्रतिनिधिसभा ब्युँझाउनु एमाले पार्टी तयार रहेको उनले स्पष्ट पारे । आगामी फागुन २१ गते निर्वाचन हुनेमा उनले आशंका व्यक्त गरे । अहिलेको सरकार निर्वाचन गराउने पक्षमा छैन् । फागुन २१ गते हुने निर्वाचन निष्पक्ष र सुरक्षाको ग्यारेन्टी भएमा एमाले सहभागी हुने गैरेले बताए । दलका नेतालाई कारबाही गर्ने ध्याउन्नमा मात्र अहिलेको सरकार छ । दलका नेताहरूलाई निर्वाचनमा निषेध गर्न खोजिरहेको छ । यस्तो अवस्थामा निर्वाचन हुन सक्दैन की भन्ने आफूलाई लागेको उनले बताए । 'आन्दोलनकर्ताले नै आफूले बनाएको सरकारको राजीनामा मागिरहएका छन्'उनले भने'अहिलेको सरकार एकदिन पनि सरकारमा बस्ने नैतिक आधार छैन् ।' सरकारले राजीनामा दिनुपर्ने उनको भनाई छ ।बैठकले किसानको धानबाली खेतीमा भएको नोक्सानबारे सरकारको ध्यानाकर्षण गराएको एमाले जिल्ला सचिव रामजी पोखरेलले बताए । बैठकमा उपसचिव दीपक विश्वकर्माले एमाले केन्द्रीय सचिवालयले निर्णय गरेर जारी गरेको अन्तर पार्टी निर्देशनबारे जानकारी गराएका थिए । जिल्ला अध्यक्ष ओमबहादुर घर्तिमगरको अध्यक्षता, उपाध्यक्ष विमल कालेले स्वागत, सचिव पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।



*-(पत्रकार मिलन विश्वकर्माबाट*

## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,
-पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
-सामाजिक तथा पारिवारिक वातावरण अशान्त
-कोलाहलपूर्ण हुन्छ,
-सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
-सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
-पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
-सन्ततिहरू कुलतमा फस्न सक्छन्,
-सामाजिक प्रतिष्ठामा आँच आउछ,
जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले

नेपाल सरकार
विज्ञापन बोर्ड

# आनन्द सहकारीले मनायो पन्ध्रौं स्थापना दिवस

**पाल्पा,** कार्तिक २१/आनन्द बचत तथा ऋण सहकारी संस्थाले पन्ध्रौं स्थापना दिवस मनाएको छ । उसले तानसेनमा एक कार्यक्रमको आयोजना गरीं स्थापना दिवस मनाएको हो ।

शेयर सदस्यहरुको सहयोग र सद्भावका कारण सहकारीले पन्ध्रौं स्थापना दिवस मनाउन सफल भएको संस्थाका अध्यक्ष सरोज लाल शाक्यले बताए । उनले सहयोग गर्ने सबैलाई धन्यवाद दिर्दै सहकारीलाई थप आर्थिक समृद्धिको दिशामा अगाडि बढाउन आफुहरु सक्रिय भएर लागेको बताए । उनले भने 'वर्तमान अवस्थामा सहकारीका गतिविधिलाई अगाडि बढाउन अनेक कारणले चुनौती बढी रहेको छ । यस्तो अवस्थामा हाम्रो शेयर सदस्यहरुको सकरात्मक भूमिका महत्वपूर्ण रहन्छ । म आग्रह गर्न चाहन्छु की सहकारीका नीति नियमलाई पालना गर्दै सहकारीका गतिविधीहरुमा साथ र सहयोग गरिदिनुहोस् ।'कार्यक्रममा निर्वतमान अध्यक्ष सर्जुलाल बज्राचार्यले सहकारीको मूल्य मान्यतालाई आत्मसाथ गर्दै सहकारी अगाडि बढेको बताए । संस्थाका सल्लाहकार छत्रराज शाक्यले कुनै पनि संस्थाको लागि स्थापना दिवस महत्वपूर्ण भएको भन्दै आजकै दिनदेखि संस्थाको सर्वोपरी हितलाई मध्यनजर गरि सेवा गर्ने प्रण गर्न जरुरी रहेको उल्लेख गरे ।सोही अवसरमा सहकारीले पाल्पा सिविआरलाई आर्थिक सहयोग गरेको समेत गरेको छ । अध्यक्ष सरोजलाल शाक्यले आर्थिक सहयोग रकम उक्त संस्थाका व्यस्थापक कृष्ण गहतराजलाई हस्तान्तरण गरेका थिए । यस्तै सहकारीले उत्कृष्ट व्यवसायीका रुपमा शेयर सदस्य टुलक बहादुर विश्वकर्मालाई समेत पुरस्कृत गरेको छ । संस्थाका अध्यक्ष शाक्यको अध्यक्षता, उपाध्यक्ष रत्नमान बज्राचार्यको स्वागत, सचिव विनयराज बज्राचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## रेडियोग्राफी दिवसको सन्दर्भ

**हरेक वर्षको नोभेम्वर ८ मा विश्व रेडियोग्राफी दिवस मनाउने गरिन्छ । आज पनि विश्वभर विविध कार्यक्रमहरुको आयोजना गरी यो दिवस मनाउन लागिएको छ । सन् १८९५ नोभेम्बर ८ मा जर्मन मेकानिकल इन्जिनियर विलहेल्म रोइन्टगेनले रेडियोग्राफीको आविष्कार गरेका थिए । रेडियोग्राफी एक्सरेको माध्यमले बिरामीलाई निदानात्मक सेवा दिने एक पद्धति हो । सामान्य भाषामा रेडियोग्राफीलाई एक्सरे वा विकिरण भनेर बुझ्न सकिन्छ । आधुनिक सरल चिकित्सा प्रणालीमा यसको ठूलो महत्व छ । विश्वभरि रेडियोग्राफी अनि रेडिएशन थेरापीबारे जानकारी र चेतना फैलाउने दिनको रुपमा आजको दिनलाई लिने गरिन्छ ।**

**आधुनिक सरल चिकित्सा प्रणालीमा रेडियोग्राफीको ठूलो महत्व छ । एक्सरेले हाम्रो शरीर भित्रका हयीहरु, क्याभिटिहरु र कुनै बाहिरी पदार्थ भए नभएको कुरा पत्ता लगाउने गर्दछ । अल्ट्रासाउण्डबाट शरीरभित्रका अङ्गहरुका बारेमा बिना चिरफार पत्ता लगाउन सकिन्छ भने पेट भित्र रहेको बच्चाको स्वास्थ्यस्थिति, शरीरका अङ्ग विकास जस्ता कुराहरू पत्ता लगाउन यसको अत्यन्त ठूलो महत्व रहेको छ । यस सँगैसँगै यसको जोखिम पनि उत्तिकै रहेको छ । कतिपय अवस्थामा एक्सरेमा काम गर्ने व्यक्ति र बिरामीमा नकारात्मक असर पुग्छ । खासगरी, बच्चा, बुढाबुढीमा एनडिपी अर्थात् शरीरले पचाउन सक्ने रेडिएसनको मात्रा कम हुन्छ । त्यसैले, असर देखिन सक्छ । यसबाहेक, गर्भवतीलाई पनि रेडिएसनले चाँडो प्रभाव पार्ने भएकाले गर्भावस्थामा सकेसम्म एक्सरेको प्रयोग गरिनु राम्रो मानिदैन । खासगरी संवेदनशील अंगमा यसको असर बढी पर्न सक्ने भएकाले प्रयोग गर्दा ध्यान पुर्‍याउनुपर्ने हुन्छ । एक्सरेका क्रममा एनडिपीको मात्रा बढी उत्पन्न भएमा मानव शरीरमा हानी पुर्‍याउने जोखिम उच्च रहन्छ । जसले गर्दा दृष्टि कमजोर हुने, छालामा असर देखिने, क्यान्सर हुनेजस्ता सम्भावना रहन्छ । तर, कतिपय रेडियोग्राफी सेन्टर यसले पुर्‍याउन सक्ने असरबारे सचेत रहेको पाइँदैन । तसर्थ आम नागरिक र सम्बन्धित व्यक्तिहरुमा रेडियोग्राफीको प्रयोगप्रति सचेत गराउन सके हरेक वर्ष मनाइने रेडियोग्राफी दिवसको सार्थकता रहन्छ ।**

## Opinion @ Social Network

चर्चामा आउन सामाजिक संजालको बढी प्रयोग गर्नेलाई हैसियत बुझेर आलोचना गर्ने पनि धेरै हुने रहेछन् ।

*(भरत शर्माको **फेसबुक स्टाटसबाट** www.facebook.com/bharat shrma )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शक्ति होइन, चरित्र अमर



**इन्द्रकुमार श्रेष्ठ**

*मानव जीवन पनि कुनै नेताको शासन जस्तै हो । कुनै शासकले सत्ता पाएर त्यसको सदुपयोग गर्नसके भने त्यो सफल भयो । सदुपयोग गर्न नसक्दा खेर गयो । जो आफ्नो समय, शक्ति र ज्ञान समाजको हितमा खर्च गर्छ, ऊ साँचो नेता हो, जसको नाम पुस्तौंसम्म उज्यालोको प्रतीक बन्छ । मानिसले पनि बल्लबल्ल पाएको आफ्नो जुनीलाई मानवीय धर्म पालना गरेर बिताउन सक्यो भने त्यो अत्यन्त राम्रो भयो । त्यसप्रति वास्तै नगरे मानिस भएको केही सार भएन । जीवनको मूल्य पद वा सम्पत्तिले होइन, प्रभावले तोकिन्छ । जसको जीवनले अरूको अँध्यारो उज्यालो बनायो, ऊ सत्ताविहीन भएर पनि शक्तिशाली रहन्छ ।सत्ताको उचाइमा पुग्नुमात्र सफल नेतृत्व होइन, त्यहाँ पुगेर समाजमा चौतर्फी प्रकाश फैलाउनु नै सच्चा नेतृत्व हो । महात्मा गान्धीले कहिल्यै पद पाएनन् तर ब्रिटिश साम्राज्य हल्लाए ।*

इतिहासका पाना पल्टाउँदा हामीले सधैं एउटै यथार्थ भेट्छौं, शक्ति क्षणिक हुन्छ, तर चरित्र अमर हुन्छ । शासन, पद र सत्ताको चमक क्षणभरको हो तर जसले मानवताको उज्यालो फैलायो, उसको नाम पुस्तौं-पुस्तासम्म आदरका साथ उच्चारित हुन्छ । नेता हुनु, राष्ट्रप्रमुख हुनु, दशकौंसम्म शासन गर्नु यी कुरा आफैंमा गौरवका विषय होइनन् ।

गौरव त तब हुन्छ, जब त्यस शासनले देशलाई दिशा दिन्छ, जनतालाई अवसर दिन्छ र मानवीय चेतनाको स्तर उकास्छ । अफसोस इतिहासका धेरै शासक सत्ताको उचाइमा पुगे तर पतनका प्रतीक बने । शक्ति सधैं टिक्दैन तर असल चरित्र समयको हर कुनामा नक्षत्रझैं झल्किरहन्छ । जसको सोच उदात्त हुन्छ, उसको नाम पनि युगौंदेखि अमर रहन्छ ।

**तानाशाहीको कालो छायाँ : जब शक्ति भगवान् बन्यो**

शासन त हिटलरको पनि चलेको थियो । सन् १९३३ देखि १९४५ सम्म उनले जर्मनीलाई 'आर्य श्रेष्ठता'को नाममा संसारलाई रक्तरञ्जित बनाए । ६० लाख यहुदी, असंख्य नागरिक र सैनिक सबै उनको सत्ता(पिपासाको बलि बने । उनले 'राष्ट्रवाद'लाई मानवताभन्दा माथि राखे, परिणाम(सभ्यता नै ध्वस्त भयो । आज हिटलरको नाम नेताको होइन, नरसंहारको पर्यायका रूपमा बाँचिरहेको छ । त्यस्तै, युगाण्डाका इदि अमिनले आफूलाई 'अफ्रिकाको सिंह' भन्थे । १९७१ देखि १९७९ सम्मको शासनमा करिब पाँच लाख मानिस हत्या गरिए । शक्ति उनको धर्म थियो, र डर उनको शासनको आधार । संसारले उनलाई तानाशाहको भयावह स्वरूपका रूपमा सम्झन्छ, न नेताका रूपमा, न राष्ट्रनिर्माताका रूपमा ।

नेपालमा पनि शक्ति र स्थिरताका नाममा १०४ वर्ष लामो जहाँनियाँ राणा शासन चल्यो । दरबारमा बत्ती बल्थे तर गाउँठाउँहरू अँध्यारोमा थिए । राजनीति राणा दरबारको निजी सम्पत्ति थियो, जनताका लागि देश 'पराया' थियो । विद्यालयका ढोका बन्द, पत्रपत्रिका निषेध, आवाज मौन । त्यो शासनले नेपाललाई समयभन्दा शताब्दी पछाडि धकेल्यो । जोसेफ स्टालिन सोभियत संघको 'कम्युनिष्ट पिता' भनिए पनि उनले आफ्नो देशलाई भयको साम्राज्य बनाएका थिए । 'महान शुद्धीकरण' का नाममा उनले लाखौं निर्दोष नागरिकलाई जेल र फाँसीको मुखमा पठाए । राजनीति सत्ताको खेल बन्न पुग्यो, सत्य बोल्नु अपराध ठहरियो । इतिहासमा उनलाई 'रगतको सिंहासन'मा बस्ने शासकको रूपमा लिइन्छ । हुन त माओ त्सेतुङलाई आधुनिक चीनका निर्माता पनि भनिन्छ तर उनी पनि शक्ति(पिपासाको अर्को रूप थिए । उनको 'ग्रेट लिप फर्वर्ड' नीति र 'सांस्कृतिक क्रान्ति'ले चीनमा लाखौं मानिस मारेको थियो । तत्कालीन सरकारले तथ्यांक लुकाएको हुँदा स्टालिन र माओ त्सेतुङका शासनकालमा मारिने मानिसको वास्तविक संख्या बताउन सकिँदैन । जनताको हितको नाममा गरिएको दमन, बुद्धिजीवीहरूमाथिको अत्याचार र स्वतन्त्र विचारको हत्या, यी सबैले चीनलाई एक प्रकारको अन्धकारमा धकेले । उनको शासनले देशलाई औद्योगिक बाटोमा त हिँडायो तर मानवता चिहानमा गाड्यो । शक्ति र डरले राज गर्न सकिएला तर सधैंका लागि शासन गर्न सकिँदैन । हिटलर, इदि अमिन, माओ वा स्टालिनको मृत्यु भएपछि पनि उनीहरूको नाम गुणात्मक रूपमा नफैलिएर निन्दाको प्रतीक बनेर बाँचिरहेछ । यो नै प्रमाण हो, अमरता चरित्रमा हुन्छ, भयमा होइन ।

**हाम्रो आफ्नै अँध्यारो : राणा युगको दमन**

नेपालमा पनि शक्ति र स्थिरताका नाममा १०४ वर्ष लामो जहाँनियाँ राणा शासन चल्यो । दरबारमा बत्ती बल्थे तर गाउँठाउँहरू अँध्यारोमा थिए । राजनीति राणा दरबारको निजी सम्पत्ति थियो, जनताका लागि देश 'पराया' थियो । विद्यालयका ढोका बन्द, पत्रपत्रिका निषेध, आवाज मौन । त्यो शासनले नेपाललाई समयभन्दा शताब्दी पछाडि धकेल्यो । त्यसबेला स्थिरता त थियो तर त्यो स्थिरता मसानको शान्ति जस्तै थियो, चेतनाहीन र आत्माविहीन । सत्ताको दीर्घायुले जनताको मन जित्दैन, बरू उनीहरूको पीडा बुझ्ने सहानुभूति नै शासकीय स्थायित्वको आधार हो । राणाहरूले देशलाई आफ्नो जागिर सम्झे, जनतालाई दास र प्रजा । उनीहरूले इतिहासमा आफ्नो नाम त लेखे, लेखाए तर जनताको फदयमा ठाउँ बनाउन सकेनन् । राणा कालले सिकायो, देश चलाउन शक्ति होइन, दृष्टि र करुणा आवश्यक हुन्छ ।

**असली नेतृत्वको मापदण्ड : दृष्टि र मानवीयता**

सत्ताको उचाइमा पुग्नुमात्र सफल नेतृत्व होइन, त्यहाँ पुगेर समाजमा चौतर्फी प्रकाश फैलाउनु नै सच्चा नेतृत्व हो । महात्मा गान्धीले कहिल्यै पद पाएनन् तर ब्रिटिश साम्राज्य हल्लाए । उनीसँग सेना थिएन तर उनको हातमा सत्य र अहिंसाको अस्त्र थियो । त्यस्तै, नेल्सन मण्डेलाले २८ वर्ष जेल भोगे तर सत्ता पाएपछि प्रतिशोध होइन, क्षमाको बाटो रोजे । त्यसैले संसारले मण्डेलालाई नेता होइन, मानवताको दूत भनेर सम्झिन्छ । नेपालमा बीपी कोइरालाको उदाहरण त्यस्तै हो । केवल १८ महिनाको शासनमा उनले लोकतन्त्रको बिउ रोपे । जेल, निर्वासन, पीडा(सबै सहे तर सिद्धान्त बेचेनन् । उनको नाम दलभन्दा माथि उठेको छ, किनकि उनले राजनीतिमा नैतिकता र मानवीयता जोडिदिए । साँचो नेतृत्व शक्तिशाली भाषण वा कठोर निर्णयमा होइन, सहानुभूति र दृष्टिमा देखिन्छ । जसले विरोधीलाई सुन्नसक्छ, जसले गल्ती स्वीकार्छ, उसैको असली नेतृत्व अमर रहन्छ । इतिहासको निर्णय सधैं स्पष्ट हुन्छ(हिटलर, स्टालिन, माओ, इदि अमिन वा राणाहरू जस्ता शासकहरू सत्तामा अमर भएनन्, केवल चेतावनीका प्रतीक र नराम्रा उदाहरणमात्र बन्नसके । गान्धी, मण्डेला, बीपी वा टेरेसाजस्ता पात्रहरू पदबिना पनि अमर भए, किनकि तिनले मानवताको सेवा गरे ।

**जनताको हितमा शासन : अमरता त्यहीं छ**

सिंगापुरका लि क्वान युले सानो टापु राष्टूलाई विश्वको आर्थिक केन्द्र बनाए । उनले भ्रष्टाचारमाथि कठोर प्रहार गरे, शिक्षा र स्वास्थ्यमा लगानी गरे । उनको शासन लामो थियो तर त्यो लम्बाइले होइन, परिणामले अर्थ पायो । त्यस्तै, दक्षिण कोरियाका नेताहरूले प्रविधि, अनुसन्धान र शिक्षा प्रणालीमा लगानी गरे । आज ती देशहरू साना भए पनि आत्मनिर्भर र अनुकरणीय छन् । शासनको अर्थ यही हो(जनताको चेतना र जीवनस्तरमा रूपान्तरण । शासन तब सफल हुन्छ जब नागरिकको पेट र मस्तिष्क दुवै भरिन्छ । अर्थात् खानाको व्यवस्था र सोच्ने स्वतन्त्रता दुवै हुन्छन् । जनताले शासकको नाम र तामझाम होइन आफ्नो जीवनमा आएको सुधार महसुस गर्न सक्नुपर्छ । जसको शासनले जनतामा आशा जगाउँछ, देशलाई उठाउँछ, जनताको मुहारमा खुशी ल्याउँछ उसको नाम अमर रहन्छ ।

**जीवन र शासन : एउटै सूत्र**

मानव जीवन पनि कुनै नेताको शासन जस्तै हो । कुनै शासकले सत्ता पाएर त्यसको सदुपयोग गर्नसके भने त्यो सफल भयो । सदुपयोग गर्न नसक्दा खेर गयो । जो आफ्नो समय, शक्ति र ज्ञान समाजको हितमा खर्च गर्छ, ऊ साँचो नेता हो, जसको नाम पुस्तौंसम्म उज्यालोको प्रतीक बन्छ । मानिसले पनि बल्लबल्ल पाएको आफ्नो जुनीलाई मानवीय धर्म पालना गरेर बिताउन सक्यो भने त्यो अत्यन्त राम्रो भयो । त्यसप्रति वास्तै नगरे मानिस भएको केही सार भएन । जीवनको मूल्य पद वा सम्पत्तिले होइन, प्रभावले तोकिन्छ । जसको जीवनले अरूको अँध्यारो उज्यालो बनायो, ऊ सत्ताविहीन भएर पनि शक्तिशाली रहन्छ ।

**निष्कर्ष : नाम होइन, काम अमर रहन्छ**

इतिहासको निर्णय सधैं स्पष्ट हुन्छ, हिटलर, स्टालिन, माओ, इदि अमिन वा राणाहरू जस्ता शासकहरू सत्तामा अमर भएनन्, केवल चेतावनीका प्रतीक र नराम्रा उदाहरणमात्र बन्न सके । गान्धी, मण्डेला, बीपी वा टेरेसाजस्ता पात्रहरू पदबिना पनि अमर भए, किनकि तिनले मानवताको सेवा गरे । शासन चलाउनु ठूलो कुरा होइन, शासनले मानवता बचाउनु ठूलो कुरा हो र जीवन जिउनुमात्र होइन, जीवनले पछिसम्म सम्झने योगदान दिनु नै जीवनको साँचो सफलता हो । अन्त्यमा भन्नुपर्दा मानव जीवन नै थोरै समयको हो । त्यसैले कसैको पनि सत्ता लामो समयसम्म टिक्दैन । जस्तै शक्तिशादी भए पनि शक्ति मर्छ तर सत्कर्म र मानवीय योगदान अमर रहन्छ । शक्ति नश्वर छ, चरित्र शाश्वत । मानवले जीवनमा सम्झनुपर्ने सबैभन्दा ठूलो सत्य यही हो ।

*-हिमालय टाइम्स*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको काम बन्ने छन् । परिवारमा सुख शान्ति बढ्नेछ। | **तुला** : स्वास्थ्यलाई लिएर सावधान र हनुहोला। मानसिक अशान्ति रहनेछ। |
| **बृष** : हतारमा निर्णय लिनबाट बच्नुहोस्। राजनीतिक व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **बृश्चिक** : दाम्पत्य जीवन सुमधुर रहनेछ। उद्योग व्यापारमा सफलता मिल्ने छ । |
| **मिथुन** :स्वास्थ्यमा ध्यान दिनुहोला। परिवारबाट भनेजस्तो सहयोग नमिल्ला। | **धनु** : आँटेको काममा ढिला हुनेछ। यात्रा गर्दा ध्यान दिऊ। |
| **कर्कट** : आँटेको कार्यमा सफलता मिल्नेछ। शेयरबाट मनग्य लाभ आर्जन हुनेछ। | **मकर** : सन्तानको प्रगतिले मन हर्षित रहनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **सिंह** : पुरानो कुरालाई भुलेर अगाडि बढ्नुहोस् ।नयाँ कार्यको थालनी हुनेछ। | **कुम्भ** : आदर्श व्यक्तिहरूसँग सहकार्य हुनेछ। बोल्दा ख्याल गर्नुहोला |
| **कन्या** : प्रतिस्पर्धामा विजयी भइनेछ। रमाइलो यात्राको सम्भावना रहेको छ । | **मीन** : साथीसँग भेटघाटले मन उत्साहित रहनेछ। बुद्धि र श्रम खर्च गर्नुपर्ला। |

# साहित्य दर्पण

कथा — सञ्जीव पौडेल

## उमेर ढल्कियो, सम्बन्ध ओइलियो

श्रीमतीले "सन्तान पेटमा आयो" भनेको सुनेर चक्रसिङ खुसीले उफ्रिएको र श्रीमतीको पेट मुसारिरहेको याद अझै ताजै छ। नौ महिना कति ढिलो भएको होला भन्दै प्रतीक्षा गर्दा जन्मिएकी छोरी सुनितालाई पहिलोपटक काखमा लिएको क्षण उनको आँखामा अझै चम्किरहेको छ । सकेसम्म राम्रो स्कुल कलेजमा पढाउन चक्रसिङले सानो जागिरको सञ्चयकोष नै बन्धकी राखे । आफैं भोकै बसे, तर छोरीलाई कुनै कमी हुन दिएनन् । साथीभाइहरू कहिलेकाहीँ सोध्थे, "तपाईं किन यति दुःख गर्नुहुन्छ?" "छोरीलाई राम्ररी पढाएर ठूलो मान्छे बनाउने, त्यसपछि सुखका दिन आउँछन्" भनेर जवाफ दिन्थे । चक्रसिङले छोरी ठूलो मान्छे बनोस् भन्ने सपना देखे। छोरीको जीवन उज्यालो बनाउने भन्दाभन्दै जीवनमा सुखको अनुभव नै गर्न पाएनन्, तर पनि कहिल्यै दुःख मानेनन् । समय बित्दै गयो। छोरी हुर्किंदै गई। छोरीको पढाइ राम्रो थियो । राम्रो अंक ल्याएर एघार कक्षासम्म पढी । साथीको संगत अनि उसको आधुनिकताको रुचि आदि कारणले विदेश जाने मन बनाई । पढाइमा अब्बल भएकी छोरीले उत्कृष्ट अंकसहित छात्रवृत्ति पाई, अनि उच्च शिक्षा पढ्न विदेश जाने चाहना गरी। बुवाले एक्लै विदेश पठाउन सकेनन् । उसैको रोजाइको केटासँग विवाह गरिदिए । उत्कृष्ट अंकसहित छात्रवृत्ति पाउँदा बुवाको लागि त्यो सबैभन्दा ठूलो गर्वको क्षण थियो। "मेरी छोरीले ठूलो मान्छे भएर देखाई " चक्रसिङले गाउँमा सबैसँग गर्वका साथ सुनाएका थिए । सबै प्रक्रिया पुरा गरेर ज्वाइँ छोरी अमेरिका गए । सुरुमा पढाइमा खर्च र रोजगारी पनि मिलिसकेको थिएन । चक्रसिङलाई दुःख के हो थाहा थियो, त्यसैले ऋण खोजेर भए पनि छोरीलाई पैसा पठाइरहे । विदेश गएपछि छोरी सुरुमा नियमित फोन गर्थी। बुवालाई विदेशका नयाँ कुरा सुनाउँथी। आफ्नो जीवन कसरी परिवर्तन हुँदै छ भनेर बताउँथी । बुवा सुनिरहन्थे, हरेक रात छोरीको फोन आउँछ कि भनेर प्रतीक्षा गर्थे। तर विस्तारै फोनहरू घट्दै गए । छोरीले आफैले कमाउन थाली । उनिहरुको बन्दोवस्त राम्रो हुदै गयो । सुरुमा हप्तामा एकपटक, त्यसपछि महिनामा एकपटक मात्र । कहिलेकाहीँ त फोन उठाउनसमेत भ्याउँथिनन्। "बाबा, अहिले व्यस्त छु, पछि कुरा गरौंला है ! " भन्ने उसको शब्द बुवाको कानमा गुञ्जिरहन्थ्यो । विस्तारै उनीहरूको सबै व्यवस्था मिल्दै गयो। अमेरिकाको स्थायी बासिन्दाको कार्ड पनि लिए । घर, गाडी सबै जोडे । केही वर्षपछि एकदिन छोरीले फोन गरी, "बुवा, तपाईहरुलाई कहिले अनुकुल मिल्छ ? मैले अमेरिका बोलाउँछु । यहाँ कस्तो सुन्दर छ। तपाईंलाई मन पर्छ होला ! " फोनमा टाढा भएकी छोरीले आफ्नै ठाउँमा बोलाउँदा बुवाको मन खुसीले नाच्यो । छोरीले आफैं बोलाइरहेकी थिई । छोरीले भिसा पठाइदिई । अमेरिकाबाट फर्के पछि छोरीले दिन्छे भनेर केहि ऋण खोजेर, केहि आफ्ना भएका गहना धरौटी राखेरै भए पनि उनले जहाजको टिकट काटे। बुढाबुढी आफ्ना लगाउने लुगा र छोरीलाई केही कोसेली लिएर छोरीलाई भेट्ने रहर बोकेर हजारौं माइलको यात्रा गरे । विमानस्थलमा ओर्लंदा मनमा हजार सपना लिएर आएका बुवाआमाले छोरीको खोजी गरे । छोरी एकछिन ढिलो आइपुगी । बुवाआमाले छोरीलाई अँगालो हाल्न खोजे, तर ऊ पछि हट्दै भनी, "यहाँ सार्वजनिक ठाउँमा यसरी गर्नु अलि ठीक हुँदैन, बुवा " भनी र आमालाई यसो अँगालो हाले जस्तो गरी। चक्रसिङले छोरीलाई नियालेर हेरे, तर उसको आँखामा उनले सोचे जस्तो चमक थिएन। केवल एउटा औपचारिक मुस्कानसहित उनले भनेकी थिई, "बुवाआमा तपाईंहरू आउनुभएकोमा धन्यवाद, बाटोमा गाह्रो त भएन?" बिहानको घाम जस्तै छोरीको मुहार हेर्ने रहर लिएर विदेश गएका थिए चक्रसिङका बुढाबुढी । जीवनको २५ वसन्त त्यही छोरीको सुखका लागि बिताए । तर जब खुसीले भेट्ने समय आयो, छोरी त बदलिएकी रहिछ। चक्रसिङकी छोरी अहिले सम्पन्न मुलुककी सभ्य नागरिक भएकी रहिछ। शरीरभरि बास्ना छरेकी, छोटा लुगा लगाएकी, हातमा ठूलो मोबाइल बोकेकी । "बुवा, तपाईं आउनुभयो, राम्रो भयो। म अलि व्यस्त थिएँ । तपाईंलाई बस्नका लागि होटल बुक गरिदिएकी छु। " बुवाआमा अचम्म मान्दै छोरीको मुख हेरिरहे। "हामी पनि होटलमै बस्छौं, नआत्तिनु " बुवाले एकछिन अचम्म माने। "होटल? हामी त तिमीसँग बस्न आएको। " छोरीले अल्ली झर्किंदै भनी "यहाँको परिस्थिति बुझ्ने कोसिस गर्नु न ।" यो सुनेर बुवाको मन चसक्क भयो । मुटुमा बज्र हाने जस्तो भयो । उनले मनमनै सोचे, "जसका लागि जीवनभरि दुःख गरें, ऊसँग बस्ने समय पनि छैन । " भिडियो कल गर्दा छोरीले गर्वका साथ भन्ने गर्थी, "बुवा हेर्नु हाम्रो घर" भनेर घरका सबै सामान देखाउने गर्थी। छोरीको घर भव्य थियो। सुविधासम्पन्न, झिलिमिली बत्तीले भरिएको । तर बुवाले त्यहाँ न्यानोपन पाउन सकेनन् । दुई दिन जती होटलबाटै बिहान छोरी अफिस जान्थी, साँझ फर्किन्थी, तर बुवाआमासँग बस्नका लागि खासै समय निकाल्थिनन् । दुई दिनपछि छोरीले भनी, "मेरो जागिरका कारणले सेमिनारमा जानुपर्ने भयो, सात दिनमा फर्कन्छु । त्यही मौका पारेर ज्वाइँ पनि जानुहुन्छ । अफिसले पठाएको बेला होटल मिलिहाल्छ, हामी घुमेर पनि आउँछैँ। तपाईंहरू आत्तिनु पर्दैन, होटलमा सबै भनिदिएको छु। खानाको मेनु दिएको छु। दिउँसो बाहिर निस्कन मन लागे निस्कन । होटलको ठूलो कम्पाउन्ड छ । राम्रा फूलहरू फुलेका छन् । रमाइलो छ है ?" तीनतारे होटलको एउटा कोठामा आमाबुबा राखिए। सुरुमै बाहिरी संसार जती झिलिमिली भए पनि मनमा खुसी नभए पछि नरमाइलो लाग्यो । नयाँ देश, फरक खाना, सफा सहर तर मनका अमिलो पिडा । आत्तिएर छोरीलाई फोन गर्दा "व्यस्त छु" मात्र जवाफ दिन्थी। "हामीलाई घुमाउने भनेकी थिई, तर हामी होटलको झ्यालबाट सडक हेरेर दिन काट्दै छौं," बुवाआमा सुस्केरा हाल्थे । फेसवुक हेर्दा सुनिता साथीहरूसँग सहरको रमाइलो गर्दै थिई । रेस्टुरेन्ट, किनमेल, नाइट लाइफ सबै मज्जा लिँदै । खै सेमिनार हो कि के हो ? बुवाआमाले छोरीको फोटो हेरेर एक साँझ होटलको झ्यालबाट बाहिर हेर्दै भने, "हामी त उसलाई भेट्न भनेर गाउँको माटो छोडेर विदेश आयौं, अनि ऊ हामीलाई बन्दकोठामा छोडेर रमाइलो गर्न लागिछे । " आमा पनि चुप लागिन्, आँखा रसाए । आमाहरू समर्पित, स्नेही, मौन पीडामा जिउने हुन्छन् । केही दिनपछि छोरी आइन्, हँसिली मुद्रामा। "तपाईंहरू रमाउनुभयो नि है ? " बुवा मुस्कुराउने कोसिस गर्दै बोले, "हो, रमाइला दृश्यहरू देख्यौं... तर छोरीको साथ नभएपछि ती पनि धमिलो लागे।" सुनिता केही बुझी, केही नबुझी जस्तो गरी । "हामी तिमीसँगै बस्ने सपना बोकेर आएका हौं छोरी। तिमीसँगै हिँड्न मन थियो । हामी यहां होटलको कोठामा एक्लै बस्ने रहर होइन। कोठामा राखिएको टिभी खोल्दा पनि केही बुझिएन । बस चढेर जाऊँ कसरी जाने थाहा छैन। किनेर केही खाऊँ भने पसल देखेको छैन। पसल खोज्न जाऊँ भने भाषा जानेको छैन। होटलको कोठामा सुत्यो, फेरि उठ्यो, फेरि सुत्यो । खाना आउँछ, नुन लागेको हो कि होइन ? स्वाद के हो के? रुचेर तल जाँला भन्दा माथि आउला जस्तो हुने । यस्तैमा बित्यो छोरी।" आमाबुबाको मायालु नजरमा दुःख लुकेको थियो- सुनिताले त्यो महसुस गर्न अझै धेरै सेमिनारहरू बिताउनु पर्थ्यो । "यसरी बसेको पनि दश दिन भएछ । अझै कति बस्ने हो यसरी ? अब तिम्रो घर कहिले जाने हो ? हामी त छोरीको घरमा बसौंला, आमाछोरी नेपालमा हुँदा पकाएका विभिन्न परिकार पकाऔंला। सेलरोटी पकाएर खाऔंला । मनमा कति धेरै कुराहरू साटौंला । छोरीसँगै नयाँ-नयाँ ठाउँ घुम्न जाउँला भनेको त हामी त बन्दी जीवन जस्तो पो बस्नु पर्यो। " आमाले छोरीलाई सोधिन्, "सुनिता तिम्रो घर जाऊँ न, त्यहीँ बस्छौं हामी। " सुनिताले भनी, "आमा, मेरो घरमा पाहुना बस्न अलि गाह्रो हुन्छ। यहाँको सिस्टम फरक छ । तपाईंहरूले मेसो पाउनु हुन्न । मेसिनले घर सफा गर्नुपर्छ। भाडा मेसिनले माझ्छ । तपाईंहरूले चलाउन जान्नुहुन्न । बिग्रेयो भने कति महँगो सामान बिग्रन्छ।" बुवाको मन एकाएक भारी भयो । उनी छोरीको घर जान चाहन्थे, तर छोरीलाई बुबाआमाको आएको नै बोझ लागिरहेको जस्तो थियो । बुवाले उनलाई पुराना सम्झनाहरू सुनाउन खोजे, तर छोरीको ध्यान फोनमा थियो । बुवाले सोधे "तिमीलाई हामी आएको खुसी लागेन ?" छोरीले जवाफ दिई, "हैन बुवा, तर यहाँको जीवन निकै व्यस्त छ । सबैले आफ्नो समय बचाउनुपर्छ " बुवाले त्यो उत्तर सुनेर मौन भए। छोरीले भुलेकी थिई कि उनको लागि जीवनभर संघर्ष गर्ने यी वृद्ध बुवा कुनै समय उसको पूरै संसार थिए। बिस्तारै बुवाले महसुस गरे कि उनी छोरीको संसारमा अब प्राथमिकता होइनन् । चक्रसिं बिहान उठेर विस्तारामा नै बसेर धेरैबेर सोचिरहेका थिए। उनले सोचे, "यो त मेरी छोरी नै हो, तर उही छैन। मेरो मनमष्तिकको छोरी होइन ।" आएदेखिका छोरीका सबै बोली बचन र व्यवहार सम्झिए । अव यहाँ बस्नुहुन्न भनेर उनले नेपाल फर्किने निधो गरे । "छोरी, अब हामी घर फर्किन्छौं ।" "अहिल्यै बुवा ?" छोरीले हल्का आश्चर्य प्रकट गरिन्, तर उनको आवाजमा रोक्ने चाहना थिएन । बुवाले त्यो चिठीलाई मुटुमा च्यापे । उनका आँखाबाट आँसु टिलपिल गर्दै खस्यो र मनमनै भने "बरु यहि तीन कक्षामा हुँदा लेखिएको चिठी जस्तै छारीको उमेर पनि नबढेको भए जिन्दगी भरी हिरो हुन पाइने रहेछ नि ।"

*-समकालीन साहित्य डटकम*

एकाङ्की — युगल बसेल

## भागबन्डाको विवाद

स्थान : बाँगीखोलाको सेरा भनिने ठाउँ

पात्र : विभिन्न उमेर र बान्कीका बाम, असला, फकटा, गँडेरा, हिले र सहर माछा !

दृश्य : खोलाको फराकिलो भागमा मन्द गतिमा पानी बगिरहेको छ । खोलाका ससाना, सफा, सेता र कुनै लेउ लागेका ढुंगाहरू प्रस्ट देखिन्छन् । खोला किनारको बालुवामा चहकिलो घामको किरण ठोक्किनाले एक किसिमको चमक बालुवामा देखिइरहेको छ । फाँटमा ठाउँ ठाउँमा धानको ब्याड हरियै देखिन्छ । खोलाका सबैथरी माछाहरू आफ्नै जात/वर्गबाट भइरहेको अत्याचारबाट कसरी छुटकारा पाउने भनेर छलफल गर्नका लागि भेला भएका छन् । असला : (आँखा चम्काउँदै) हामी सबैजसो भेला भइसक्यौं, हैन ? अब छलफल शुरू गरौं । हामी यस बांगीखोलाको दुष्ट सहर माछाको थिचोमिचोबाट उम्किने बाटो खोज्न आज भेला भएका हौं । आज एउटा नतिजामा हामीले पुग्नु छ । बाम : (हलुकासँग पुच्छर नचाउँदै) हो, आफ्नै जातिपातिबाट भइरहेको थिचोमिचोबाट छुटकारा पाउने उपाय आज निकाल्नै पर्छ । गँडेरो : (पखेटा नचाउँदै) यहाँ सहरको चालामाला खपिनसक्नुको भएको छ । खोलाका नियमहरूको उसले बलमिचाइँ गरेर धज्जी उडाउँदै आइरहेको छ । सुत्केरी, केटाकेटी, बुढाखाडामाथि हमला गर्न नमिल्ने नियमको त उसले सधैं नै बेवास्ता गरिरहेको छ । फकटो : (जोसिँदै) बल छ, तिखा दाँत छन् भन्दैमा हाम्रो खुलमखुल्ला हिंडडुल गर्ने हक खोस्न त पाइँदैन नि ! चारा चर्दाचर्दै कतिबेला सहरको आहारा भइने हो भन्ने डरले हाम्रो जीउ नै आधा भइसक्यो । हिले : (जगर ठाडो पार्दै) हामी निर्धाहरू एक जुट भएर अब सहरको बाउको बिहे देखाइदिनु पर्छ । हाम्रो साझा दुश्मनलाई हामीले नै पन्छाउनुपर्छ । गँडेरो : हो, टिमटिमे दियालाहरू पनि एकजुट भएर जले भने घामको चहकलाई माथ गर्न सक्छन् । भुसुनाहरूले हात्तीलाई रुवाउँछन् ।

एकले थुक्दा सुके पनि सयले थुक्दा नदी बन्न सक्छ मिसिना मसिना झिजामिजाहरू बल्नका लागि कस्सिए भने तिनीहरूले मुढालाई पनि डढाइदिन्छन् । यी कुरालाई याद गर्दै अब हामी एकजुट हुनुपर्छ हिले : (पिर गर्दै) तर मलाई एउटा सुर्ताले पिरोलिरहेको छ । जिउँदा भ्यागुता तौल्दा ती फड्किएर धार्ने नपुगे जस्तै हामीबीच पनि एकता कायम हुन नसक्ने हो कि ! फरक सोचाइ र चाहना भएका हामीहरू पाइलामा पाइला मिलाएर हिंड्न नसक्ने हौं कि ! असला : (हौसला दिंदै) हिले भाइ, हामीले आपसमा शङ्का नगरौं । शंकाले लङ्का पिर्छ । केही वर्षअघि हामीले नै मिलेर यसै खोलाको पाँचहाते ढोडिया (पानी साँप) लाई सिल्टिमुर खुवाएको होइन र ? अनि त्यसपछि हामीले हाम्रो खाँचोअनुसारको 'खोलाको नियम' बनाएको पनि त हो नि । हामीले हाम्रो बुतामाथि शङ्का होइन कि हाम्रो पौरखको सम्झना गर्नु जरूरी छ । फकटो : (असलाको कुरामा मन्जुर हुँदै) हो, हामीले बेलाबेलामा भोगेका कुराबाट धेरै कुरा सिकेका छौं । हामी एकजुट भएमा सजिलै फेरबदल ल्याउन सकिन्छ । बाम : ( आँखा तन्काउँदै) अब ठूला माछाले साना माछा खान्छ भन्ने उखान फेरेर साना माछा मिलेर ठूला माछाको नाकको जुका झार्छन् भन्ने उखान जन्माउनुपर्छ । असला : (मुन्टो हल्लाउँदै) आज हामीले सहर माछामाथि कसरी हमला गर्ने भन्ने नक्साको खाका कोरौं । यो धेरै धामाको काम छ र फलामका चिउरा चपाए जस्तै गाह्रो छ । गँडेरो : (हौसिंदै) सयको लाठी एकको बोझ भन्ने भनाइ नै छ नि । हामी सबै जुटेर सासै सासले फुक्यौं भने पनि पाजी सहरलाई आच्छुआच्छु पार्न सक्छौं । बाम : ( अरट्ठ पर्दै) हामी बाम माछाका त ढाडैभरि तिखा काँडाका ताँती छन् । आठ-दश वटाले फन्केर दनक दियौं भने न्वारानको दूध याद गर्छ सहरले । फकटा : (जोसिँदै) तपाईंहरूले आच्छुआच्छु पारेको बेला हामीले पनि आफ्ना दाँतले ठाउँ ठाउँमा दप्याप्यौं भने सहरलाई इन्तु न चिन्तुको दसामा सजिलै पुर्याइन्छ । असला : (पुच्छर दायाँबायाँ हल्लाउँदै) हामी एक जुट भएर अघि बढ्नुपर्छ । अघिअघि बाम, बामका पछाडि फकटा, त्यसपछाडि हिले, हिलेका पछाडि गँडेरा र सबैभन्दा पछाडि हामी असला लाम लागेर जानुपर्छ । सहरको कुरमा पुगेर पछाडिबाट हामीले 'हमला शुरू' भनेपछि सबै धुइरिएर चढाई गर्नुपर्छ । हो मा हो मिलाउँदै सबै माछा हरूले मन्जुरीमा टाउको हल्लाउँछन्) असला : (हल्का फड्फडाउँदै) साथी हो, बर्खामास सँघारैमा आइपुगेको छ । पानी बर्सेर भेल आयो भने हामीलाई आफ्नै ज्यान जोगाउने फिक्री हुन्छ । त्यसैले छिटै हमला गर्ने दिन आजै तोकौं । रात रहे अग्राख पलाउँछ भन्छन् । ढिलो गर्यौं भने सहरको आयु लम्बिन सक्छ ।हिले : (जोसले उफ्रिउँलाझैं गरेर) भोलि छाडी पर्सि नै पुन्युका दिन उसमाथि जाइलागौं । रात परुन्जेल लडाइँ गर्नुपर्यो भने पनि जुनेलीको उज्यालोले हामीलाई मद्दत गर्छ ।असला : (अनुहारमा गहिरो हाउभाउ ल्याउँदै) सहरको शिकार गरेपछि त्यसको मासुको भागबण्डा कसरी गर्ने भन्ने पनि टुङ्गो आजै लगाउनुपर्छ । अनि ठूलो बिलो कसले लिने भन्ने कुराको ठहर पनि आजै गर्नुपर्छ, नत्र पछि झगडा हुन्छ ।

बाम : (फन्कँदै) सहरपछिका बलिया माछा हामी नै हौं । त्यसैले ठूलो बिलोमाथि हाम्रै हक छ भन्ने मेरो जिकिर छ । असला : (फुर्ती देखाउँदै) सवाल बलको होइन बुद्धिको हो । यसरी माछाहरूलाई एकजुट पारेर बलियो ताकत तयार पार्ने काममा हामीले नै अगुवाई गरेका छौं । त्यसैले जुक्ति बुद्धिलाई नै मुख्य पाटो ठानिनुपर्छ र ठूलो बिलो हामीलाई नै दिइनुपर्छ भन्ने मेरो ठम्याइ छ । गँडेरो : ( नरम बोलीमा) हाम्रो जातिमा हामी सबैभन्दा साना छौं, निर्धा छौं । त्यसैले सबैतिर पछि पनि परेका छौं । सबैथरी माछाको औकात एउटै पार्नु अहिलेको जरूरी कुरा हो । त्यसैले निर्बलियालाई बढी सहुलियत दिनुपर्ने हुन्छ । दुनियाँभरि फैलिएको सकारात्मक पन्पच्छेको नारालाई हामीले बिर्सनुहुन्न । यस हिसाबले ठूलो बिलोमा हाम्रो हक पुग्छ । बाम : ( निमोठिंदै) बलके आगे,भूत भागे भन्ने नाराले अरू नारालाई निमिट्यान्न पारिदिन्छ भन्ने मेरो दाबी छ । फकटा : (कडा बोलीमा) यो जमाना लोकतन्त्रको हो । लोकतन्त्रमा बहुमतको कदर हुन्छ । हामीहरूको जमात अरू साथीहरूको भन्दा ठूलो छ । त्यसैले बहुमतको कदर गर्नका लागि ठूलो बिलो हामीले नै दिइनुपर्छ । हिले : (जुँगा ठाडा पार्दै) हाम्रो टाउको र जीउ अरूको भन्दा फरक छ । हाम्रो रङ पनि अलि फरक छ । अरू माछाझैं हामी पहाडी कुना काप्चामा पुग्न मन पराउँदैनौं । समथर जमीन नै हाम्रो मुख्य थलो हो । जहाँ पनि समथरमा बस्नेहरूको सुविधा अरूको भन्दा बढी हुने गर्छ । त्यसैले मूल बिलोको सुविधा हामीले नै पाउनुपर्छ । असला : (हेपाइको पारामा) हिले माछालाई कुलै गण्डकी भन्ने पुरानो भनाइले तपाईंहरूका लागि सानै बिलो पनि ठूलो भान हुन्छ भन्ने प्रष्ट पार्छ । त्यसैले तपाईंहरूले ठूलो भागको माग गर्नु जरूरी छैन । हिले : (रिसाउँदै) नाम असला,सोचाइ कमसला ? ठूलो भाग लिन आफूलाई लायक र हामीलाई नालायक देख्ने ? बाम : (झोक्किंदै) काम गर्ने कालु मकै खाने भालु ? सहरको सिकार गर्नमा मुख्य हात हाम्रो हुने तर गुरु बिलोमा अर्कैले दाबी गर्ने ? गँडेरो : (बुरुक्क उफ्रँदै) बलका भरमा ठूलो भागमा दाबी गर्नु अर्घेलो कुरा हो । हाम्रो यसमा कत्ति पनि मन्जुरी छैन । बाम : (रिसेले चुरिँदै) चुप लाग् पाजी ! आफू छ बोका जत्रो, कुरा गर्छ डोका जत्रो ! फेदीमा लत्रेर टाकुराको सपना देख्ने ? गँडेरो : ( बटारिंदै)जसको लाठी, उसैको भैंसी हुने दिन गइसके । यहाँ कसैले बलमिचाइ गर्न पाइँदैन । असला : (झर्कंदै) बाम र गँडेरा भाइहरू, कुरो राम्ररी बुझ्नुहोस् । हाम्रो नाम पनि असला, माछा पनि हामी असल भएकोले ठूलो भागमा हाम्रो हक लाग्छ । बाम : ( थोरै शान्त हुँदै) ठीकै छ, त्यसो हो भने हामीले मूल बिलोमा दाबी छोडिदिन्छौं तर अरूले पनि मूल बिलोमा दाबी छोडिदिनुपर्छ । असला : (बेखुशी हुँदै) हामीलाई ठूलो बिलो दिइन्न भने हामी यो समूहमा बस्न सक्दैनौं । हामीलाई इजेत नमिल्ने ठाउँमा बस्नु छैन । (सभा छोडेर असलाहरू बाहिरिन्छन् !) बाम : ( अनुहारमा गहिरो सोचाइको भाव ल्याउँदै) गाँस छोड्नु साथ नछोड्नु भन्ने बुढापाकाको भनाइ बिर्सेर असलाहरू बाहिरिए । एक म्यानमा दुई तरबार नअटाउने भएकाले उनीहरू बाहिरिएकै बेस छ । अब यहाँ भएका बाँकी सबै हामीलाई मुख्य बिलो दिनेमा मन्जुर हुनुहुन्छ भन्ने मलाई लाग्छ । त्यसो हो भने असलाले हाम्रो बगाल छोडे पनि सहरको शिकार गर्न हामी सक्छौं । गँडेरो : (जिद्दीको सोचाइको छाप अनुहारमा पार्दै )मूल बिलोको अडानबाट हामी एक इन्ची पनि दायाँबायाँ हुन मन्जुर छैनौं । यो हाम्रो अन्तिम फैसला हो । फकटा : हाम्रो बहुमतको कदर नहुने गरी हमलामा साझेदारी गर्न हामी पनि तयार छैनौं । त्यसैले हामी पनि बिदाइको पखेटा हल्लाउँछौं । (फकटा पनि बाहिरिन्छन् यतिबेलै रुब्दितिरबाट सहर माछो हुइकिंदै आउँछ । उसको मुखमा असला र फगटा देखिन्छन् । तिनलाई खप्लक्कै निलेर उसले केही बाम, केही गँडेरालाई लुँड्याउँछ । ज्यान जोगाउन माछाहरू तितरबितर हुन्छन् । यसरी रहमा छँदैका माछाको बारेमा बगरमा बिलोको लागि झगडा भएझैं गरेर माछाहरूका बीचमा तँछाडमछाड हुँदा उनीहरूको मेलजोल भाँडिन्छ । बिलोको हानथापका कारणले मतोजतो तितरबितर हुन्छ । त्यसपछि सहरको रजाइँ कायमै रहन्छ । आपसी भलाइभन्दा निजी मतलबमा जोड दिनाले सहर माछाबाट छुटकारा पाउन सकिएन भन्ने गाँठी कुरो सबै माछाले राम्रोसँग बुझ्छन् र पछुतो मान्छन् । फेरि उनीहरूको बीचमा एउटै मतो कहिले हुने हो, कसैलाई थाहा छैन ।)

*-साहित्यपोस्ट डटकम*

# विश्व रेडियोग्राफी दिवस नेपालमा पनि मनाइँदै




**पाल्पा,** कार्तिक २१/ आज विश्व रेडियोग्राफी दिवस नेपालसहित विश्वभर विविध कार्यक्रमहरुको आयोजना गरी मनाइँदै छ । हरेक वर्षको नोभेम्वर ८ मा यो दिवस मनाउने गरिन्छ । सोही अनुरुप आज नेपालमा पनि यो दिवस मनाउन लागिएको हो ।

सन् १८९५ नोभेम्बर ८ मा जर्मन मेकानिकल इन्जिनियर विलहेल्म रोइन्टगेनले रेडियोग्राफीको आविष्कार गरेका थिए । उनै वैज्ञानिकले गरेको विकिरण एक्सरेको आविष्कारप्रति सम्मान दिन यो दिवस मनाइन्छ । सर्वप्रथम सन् २०१२ मा रेडियोलोजीको अन्तर्राष्ट्रिय दिवस मनाइएको थियो । युरोपियन सोसाइटी अफ रेडियोलोजी, उत्तरी अमेरिकाको रेडियोलोजिकल सोसाइटी, अमेरिकन कलेज अफ रेडियोलोजीको पहलमा विश्व रेडियोलोजी दिवस मनाउन सुरु गरिएको हो । रेडियोग्राफी एक्सरेको माध्यमले बिरामीलाई निदानात्मक सेवा दिने एक पद्धति हो । सामान्य भाषामा रेडियोग्राफीलाई एक्सरे वा विकिरण भनेर बुझ्न सकिन्छ । आधुनिक सरल चिकित्सा प्रणालीमा यसको ठूलो महत्व छ । विश्वभरि रेडियोग्राफी अनि रेडिएशन थेरापीबारे जानकारी र चेतना फैलाउने दिनको रुपमा आजको दिनलाई लिने गरिन्छ । रेडियोग्राफीको माध्यमले शरीरभित्रका हयी, क्याभिटी र कुनै बाहिरी पदार्थ भए/नभएको पत्ता लगाउन सकिन्छ । सामान्यतया, एक्सरे दुई किसिमले गरिन्छ । कम्प्लिकेट रेडियोग्राफी र डाइरेक्ट रेडियोग्राफी । डाइरेक्ट रेडियोग्राफी सजिलो पद्धति हो । जसबाट बिरामीको रिर्पोट चाँडो निस्कनुका साथै शरीरका अंगको तस्बिरसमेत स्पष्ट देखिने गरी निस्कन्छ । जो सबैभन्दा बढी प्रयोग हुने एक्सरे पद्धति पनि हो ।

विश्वभरकारेडियोग्राफरहरूले रेडियोग्राफीलाई क्यारियरको रूपमा प्रवर्द्धन गर्न, आधुनिक स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान र निदान इमेजिङ र विकिरण थेरापीको जनचेतना बढाउने मौकाको रूपमा यस दिनलाई विश्वभरि दिवसका रुपमा मनाउने चलन छ ।

## खेलकुद समाचार

### सङ्कटालाई हराउँदै पुलिस फाइनलमा



**काठमाडौं ,** कार्तिक २१/( नेपाल पुलिस क्लब झापा महिला गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ ।झापाको शिवसताक्षीमा रहेको दूधे रङ्गशालामा शुक्रबार भएको पहिलो सेमिफाइनलमा पुलिसले संकटा एफसीलाई २(० गोलले हरायो । पुलिसका मीना देउवा र रेखा पौडेलले गोल गरे ।

पुलिसले चर्च ब्वाइज युनाइटेड र संकटाले घरेलु टोली झापा एफसीलाई हराउँदै सेमिफाइनलमा पुगेका थिए ।अब पुलिसले उपाधिका लागि भोलि हुने एपीएफ र त्रिभुवन आर्मी क्लबबीचको दोस्रो सेमिफाइनलको विजेतासँग खेल्नेछ ।

एपीएफले सिङलिङ एससी सिक्कम र आर्मीले आरएस पोखरा एफसीलाई हराउँदै सेमिफाइलनमा पुगेका हुन् ।फाइनल खेल आउँदो सोमवार हुनेछ । प्रतियोगिताको विजेताले १० लाख १० हजार रुपैयाँ र दोस्रो हुने टोलीले पाँच लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# राजस्व चुहावटमा देखिएको कमजोरी समाधान गर्न निर्देशन

**पर्सा,** कार्तिक २१/ अर्थमन्त्री रामेश्वरप्रसाद खनालले राजस्व चुहावटमा देखिएका कमीकमजोरी सरोकार भएका निकायसँग आवश्यक सहकार्य र समन्वय गरी समाधान गर्नुपर्नेमा जोड दिएका छन् । शुक्रबार वीरगञ्ज भन्सार कार्यालयमा भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा अर्थमन्त्री खनालले चोरी तस्करी नियन्त्रणका लागि सरोकार भएका निकायबीच समन्वय गरेर काम गर्न सबैलाई अनुरोध गरे ।

उनले भनो ले पा के तस्करीलाई बाटोमा समात्नेभन्दा पनि जहाँ पुऱ्याइन्छ सोही ठाउँबाट नियन्त्रण लिन सरोकार भएका निकायलाई निर्देशन दिए । 'दैनिक गुजरा चलाउनका लागि सरसमान ल्याउने र तस्करी गर्नेबीच छुट्याएर आवश्यक कारबाही प्रक्रिया अघि बढाउनका लागि अनुरोध गर्दछु,' अर्थमन्त्री खनालले भने। राज्यका सबै निकायले एकापसमा समन्वय र सहकार्य गरेर राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्ने उहाँले धारणा व्यक्त गरे। 'सबै निकाय एउटै हौँ । परस्पर प्रतिस्पर्धी होइनौँ । राजस्वको जिम्मेवारी अर्थमन्त्रालयको मात्रै नभएर राज्यका सबै निकायको हो । त्यसैले हातेमालो गरेर काम गर्न जरुरी छ,' मन्त्री खनालले भने, 'राजस्व चुहावटमा देखिएका कमीकमजोरी संयुक्त रूपमा मिलेर समाधान गर्नका लागि निर्देश गर्दछु ।' अर्थमन्त्री खनालले स्थानीय प्रशासन, भन्सार कार्यालय, तीनवटै सुरक्षा संयन्त्रसहित सरोकार भएका सबै निकायबीच एकापसमा समन्वय र सहकार्य गरी अवैध चोरीपैठारी र निकासी रोक्न प्रभावकारी काम गर्नुपर्नेमा जोड दिए। 'तीनवटै सुरक्षा निकायले पनि सूचना समन्वयमा सहकार्य गर्न जरुरी छ,' उनले भने, 'सुरक्षा निकायबाट बरामदी लक्ष्य बढाउने विषय पनि त्यति राम्रो होइन । सोतर्फ ध्यान दिन आग्रह गर्दछु ।'

अर्थमन्त्री खनालले सीमामा बस्ने कर्मचारी तथा राजस्वसँग सम्बन्धित कर्मचारीहरूले सेवाग्राहीसँग बोली र व्यवहारमा नम्र र सभ्य व्यवहार गर्नुपर्ने बताए । सेवाग्राहीका लागि हामी खटिएकालेउनीहरूको भावनाअनुसार काम गर्न सबै कर्मचारीलाई उनले आह्वान गरे ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन दररेट**

**साधारण तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

**सरकारी तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

**डिस्प्ले**

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

**अन्य**

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


**सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०६/०५ गते तानसेनको बर्तुङ्गबाट पाल्पा बसपार्कतर्फ आउने क्रममा निम्न व्यहोराको nepal Helth professional council को CMA Third तहको सक्कल सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** लक्ष्मी बगाले
**ठेगाना :**तानसेन- २ मेहलधारा, पाल्पा (साविक चिर्तुङ्गधारा गा.वि.स. वडा नं. ९ पाल्पा)
**रजिष्ट्रेसन नम्बर:** C-61706Med CMA
**सम्पर्क नं.** :९८६७०४७९६८


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई